# नागरिकतामा महिलाको समान अधिकार सम्बन्धी

# मार्गचित्र

| | |
|---|---|
| **लक्ष्य** | नागरिकतामा महिलाको समान अधिकार |
| **उद्देश्य** | नागरिकतामा समान अधिकारसम्बन्धी वृहत र व्यापक राष्ट्रिय अभियान संचालन गर्ने |
| **अवसरहरू** | संविधानको पूनरावलोकन<br>- संविधान संशोधन<br>- अन्तरिक संविधान<br>- संविधानसभा र त्यसमार्फत नयाँ संविधान |
| **अभियानको आधारहरू** | - प्रतिनिधि सभाद्वारा पारित घोषणाचपत्र तथा प्रस्ताव<br>- समावेशी लोकतन्त्रको नारा र राजनीतिक प्रतिबद्धता<br>- नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी महासन्धिहरू र समितिको निष्कर्ष सुझावहरू<br>- सर्वोच्च अदालतको समानतासम्बन्धी निर्णयहरू |
| **बाधा अवरोधहरू** | - दृढ राजनीतिक इच्छाशक्तिको कमी<br>- निर्णायक तहमा न्यून महिला सहभागिता<br>- पितृसत्तात्मक सोच र राष्ट्रियताको तर्क<br>- महिला अधिकारवादीहरू बीचको दुरी |
| **अभियानको सहकर्मी** | महिला अधिकारवादी र राजनीतिक दल, नागरिक समाज, संचारकर्मी, विभिन्न पेशाकर्मी, कलाकार, गृहणी, सर्वसाधारण नागरिक |
| **अभियानको संचालन** | - बृहत राष्ट्रिय सञ्जाल<br>- जिल्लास्तरीय संजालहरू |
| **रणनीतिहरू** | - राजनीतिक रणनीति<br>- सामाजिक परिचालन रणनीति<br>- स्थानीय समुदाय परिचालन रणनीति<br>- कानूनी रणनीति<br>- संचार रणनीति |

## नागरिकतामा समान अधिकारका लागि आवश्यक राजनीतिक रणनीतिहरु

- प्रतिनिधि सभाको जेठ १६ गतेको बैठकले आमा वा बाबु मध्ये कसैको पनि नामबाट सन्तानले नागरिकता पाउन सक्ने प्रस्ताव पारित गरेकोमा त्यसलाई कार्यान्वयनमा ल्याउन राजनीतिक तहमा निरन्तर दवाव दिने ।
- संसद भित्र विभिन्न दलबाट प्रतिनिधित्व गर्नु हुने महिला सांसदहरूबीच महिला अधिकारका पक्षमा सहकार्य निर्माण गर्न ककस वा समिति निर्माण गर्ने ।
- महिला अधिकारको पक्षमा क्रियाशील संघ संस्थाहरू र राजनीतिक दलका भगिनी संस्थाहरूबीच सहयोगात्मक र समन्वयात्मक सम्बन्धलाई सुदृढ गर्ने । दल भगिनी संस्थाहरूलाई बल प्रदान गर्ने ।
- अन्तरिम संविधान तथा संविधानसभाबाट निर्माण हुने संविधानमा नागरिकतामा समान अधिकारलाई अनिवार्य समावेश गर्न प्रत्येक दललाई दवाव दिने । दलको घोषणापत्रमै अनिवार्य उल्लेख गर्न लगाउने ।
- नीति निर्माणको तहमा महिलालाई समानुपातिक संख्यामा सहभागी गराउन सामुहिक एवं संगठित पहल गर्ने ।

## नागरिकतामा समान अधिकारको लागि आवश्यक सामाजिक परिचालन रणनीति

- आम नेपाली महिलाहरूमा अधिकार प्रतिको सचेतना छैन । जसले गर्दा समान नागरिकताको अभियान पनि राजनीति गर्ने केही महिलाहरूको विषयवस्तु सम्झन्छन् । त्यसैले नागरिकताको महत्वको बारेमा आम नेपालीमा जनचेतना अभिवृद्धि गर्न चेतनामूलक कार्यक्रमलाई निरन्तरता दिनुपर्दछ ।
- राजनीति र अधिकारप्रति जागरूक महिलाहरूको सानो जमात एकातिर छ भने अर्कोतिर यसप्रति अनभिज्ञ र बेवास्ता गर्ने महिलाहरूको जमात ठूलो छ । यो दुरीलाई न्यून पार्न चेतनामूलक कार्यक्रम आवश्यक छ ।
- नागरिकतामा समान अधिकारको विषय केवल महिला अधिकार मात्रको विषय नभई मानव अधिकारको विषय भएकोले महिला पुरूष दुवै सामुहिक रूपमा परिचालित हुनुपर्दछ ।
- प्रस्तुत विषय राष्ट्रिय बहस र चर्चाको विषय भए तापनि सतही रूपमा सीमित रहेको छ । प्रभावित वर्गमा यसले चर्चा पाएको छैन । त्यसैले नागरिक समाज, राजनीतिक क्षेत्र लगायत समाजका हरेक तप्काका व्यक्तिहरूलाई यस विषयमा जागरूक बनाउन आवश्यक छ ।
- प्रत्येक जातजातिभित्र गठन हुने महिला समूह (उदाहरणको लाग नेवार समुदायमा मिसा खलः) हरूमा या विषयलाई उठाउनु पर्दछ ।
- पुर्नस्थापित प्रतिनिधिसभाले आमाको नामबाट नागरिकता दिने विषय पारित गरे तापनि अहिलेको राजनीतिक परिवृत्तमा यसले पर्याप्त वजन पाएको छैन । आवश्यक ध्यानाकर्षणका लागि पर्याप्त रूपमा आवाज उठाउनु पर्दछ ।

- नागरिक समाज सञ्जाललाई व्यापक, सशक्त र प्रभावकारी बनाउनु पर्ने खाँचो छ । जिल्ला तहदेखि केन्द्रीय तहसम्मको नागरिक समाजहरू संगठित हुनुपर्दछ ।
- नागरिकतामा महिलाको समान अधिकार अन्य अधिकारहरूसँग सापेक्ष राख्दछ । त्यसैले अन्य मानव अधिकार, मौलिक अधिकार, राजनैतिक, आर्थिक तथा सामाजिक अधिकारहरूसँग सापेक्ष रूपमा लैजानु पर्दछ ।
- प्रतिनिधि सभाद्वारा पारित प्रस्तावलाई कार्यान्वित गर्न स्थानीय स्तरदेखि केन्द्रीय स्तरसम्म राजनैतिक तथा नीति निर्माणको तहमा महिला सहभागितालाई वास्तविक रूपमा सुदृढ गर्नु पर्दछ ।
- पारित प्रस्तावको व्यापक प्रचार प्रसार आवश्यक छ । स्थानीय स्तरमा प्रचार प्रसारको लागि सडक नाटक प्रभावकारी माध्यम हुन सक्दछ, जसबाट स्थानीय समुदायलाई प्रभावकारी रूपमा परिचालन गर्न सकिन्छ ।
- केन्द्रीय तहमा रहेका गैरसरकारी संस्थाहरूका स्थानीय सञ्जालहरूलाई प्रभावकारी रूपमा परिचालन गर्नु आवश्यक छ ।
- केन्द्र र स्थानीय स्तरमा रहेको दुरीलाई न्यून गर्न नागरिक समाजलाई जिम्मेवारीपूर्ण तरिकाबाट परिचालन गर्नुपर्दछ ।
- नागरिक समाज स्वयमको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनु पर्दछ ।
- समान नागरिकताको अधिकारको विपक्षमा उठेका तर्कहरूलाई मत्थर पार्न प्रति तर्कहरू तयार गरिनु पर्दछ र सामुहिक सहमति कायम गर्नुपर्दछ ।
- प्रतिनिधि सभाद्वारा पारित प्रस्तावबाट प्राप्त अवसरलाई व्यवहारमा प्रतिबिम्बित गर्न नागरिक समाजले केन्द्र र स्थानीय तहको कडीको रूपमा जिम्मेवारी निभाउनु पर्दछ ।

## नागरिकतामा समान अधिकारको लागि आवश्यक सामुदायिक रणनीतिहरु

- जिल्लामा जिल्ला स्तरीय समूहको गठन हुनुपर्ने,
- प्रत्येक जिल्लाको गा.वि.स.का प्रत्येक वडामा वडा स्तरीय समुहको गठन गर्ने, जसमा ७ देखि ११ जनासम्म सदस्यहरू रहन सक्दछन्,
- प्रत्येक वडा स्तरीय समूहको सदस्यहरूको प्रतिनिधित्व हुने गरी गा.वि.स. स्तरीय समुहको गठन,
- प्रत्येक वडा स्तरीय समुहका सदस्यहरूलाई जिल्लाका सदस्यहरूले नागरिकताको महत्व, आवश्यकता, फाईदा लगायत प्रक्रियागत कुराहरू समेत राखेर एक दिने अभिमुखीकरण कार्यक्रम राखेर जानकारी दिने,
- प्रत्येक वडा समूहले आ–आफ्नो वडामा नागरिकता सम्बन्धी विषयमा जनचेतनामूलक कार्यक्रम संचालन गर्नुको साथै नागरिकता प्राप्त गरेका, नगरेका, गर्न नसकेकाहरूको तथ्यांक संकलन गरी गा.वि.स. स्तरीय समूहमा पठाउने र यस समूहले नागरिकता दिलाउन पहल गर्न जिल्लासँग समन्वय गर्ने,

- प्रत्येक वडा समूह, गा.वि.स. स्तरीय समूहले नागरिकतामा महिलाको समान अधिकारको सन्दर्भमा Mass Mobilization गर्ने,
- यी कुराहरूको साथ साथै स्थानीय एफएम रेडियोबाट नागरिकता सम्बन्धी सूचनामूलक जानकारी सम्प्रेषण गर्ने ।

## नागरिकतामा समान अधिकारको लागि आवश्यक कानूनी रणनीतिहरु

- अध्ययन (आधारभूत अध्ययन, असरसम्बन्धमा अध्ययन, मुद्दा अभिलेखीकरण, तुलनात्मक अध्ययन)
- कानूनी सुधार गतिविधि (संशोधन प्रस्ताव तयारी, अन्तरिम संविधान मस्यौदा समितिसँग लबिङ, राजनीतिक दलहरूसँग लबिङ, भावि संविधान सभाका सदस्यहरूसँग लबिङ)
- वकालत कार्याक्रमहरू (वकालत पत्र तथा जानकारी पत्रहरू, पोष्टरहरू प्रकाशन तथा वितरण, सम्बन्धित क्षेत्रसँग वकालत बैठकहरू, पीडितको सुनुवाइ कार्यक्रम, प्रबुद्ध वर्गको आवाज संकलन)
- अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिहरूको प्रयोग (महासन्धि अन्तर्गतको दायित्वप्रति राज्यलाई उत्तरदायी बनाउने, समयमा प्रतिवेदन पेश गर्न वकालत, छायाँ प्रतिवेदन, निष्कर्ष सुझावहरूको वितरण, मानव अधिकार दस्तावेजहरू जस्तै महिला महासन्धिको इच्छाधिन आलेखको अनुमोदनको लागि वकालत)
- कानूनको संवेदनशील कार्यान्वयनको लागि तालिम/अभिमुखीकरण कार्यक्रम (प्र.जि.अ. तथा जिल्ला प्रशासन कार्यालयको नागरिकता फाँट, स्थानीय निकायका प्रतिनिधिहरू, न्यायधीशहरू, कानून तथा नीति निर्माणकर्ताहरू)
- नागरिकता प्राप्तिलाई सहयोग गर्ने कानूनी सहयोग इकाइको स्थापना
- सार्वजनिक सरोकारको मुद्दा (नमूना मुद्दाको पहिचान, सहयोगी न्यायिक वातावरण निर्माण, मुद्दा अनुकूलको फरक फरक दृष्टिकोणको उपयोग)
- सामाजिक, सांस्कृतिक मूल्य मान्यता र नकारात्मक तर्कहरू परिवर्तनको वकालत (परिवर्तनका संवाहकहरूको प्रशिक्षण, नागरिकताको महत्व र प्रक्रियामा सचेतना, भेदभाव विरूद्ध अनुभूतिकरण)
- अन्तर्राष्ट्रिय उजुरी प्रक्रियाको प्रयोग (जस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्रको इच्छाधिन आलेखको प्रयोग)
- प्रमुख प्रभावकारी निकायहरूसँगको समन्वय निर्माण
- केन्द्र र जिल्लाको अभियानहरूको सामन्जस्यकरण
- संयुक्त सशक्त आन्दोलन र दोहोरोपना हटाउनको लागि नेटवर्किङ र संयोजन

प्रकाशक :

**महिला, कानून र विकास मञ्च (FWLD)**
३३६, प्रसूतिगृह मार्ग, काठमाडौं, नेपाल
पो.ब.नं. २९२३ थापाथली, फोन नं.: ४२६६४१५, ४२४२६८३, फ्याक्स नं: ४२४०६२७
इमेल: fwld@fwld.wlink.com.np, वेभसाइट: www.fwld.org